लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## स्यानिटरी प्याड खरिदको विद्युतीय बोलपत्र आह्वानको सूचना ।

### प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१६

यस लमही नगरपालिका नगर कार्यालय अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखा लमहीद्वारा लमही नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने प्रयोजनार्थ आ.व २०८२/८३ मा आवश्यक स्यानिटरी प्याड इ.बिड.को माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरुले देहायको मिति र समयभित्र बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन मिति २०८२/०८/१६ गतेभित्र www.bolpatra.gov.np/egp बाट शिलबन्दी बोलपत्र फाराम यस कार्यालयको राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा रु.३०००।- (अक्षरुपी तीन हजार मात्र) दस्तुर (फिर्ता नहुने गरी) जम्मा गर्नुपर्नेछ ।साथै व्यवसाय दर्ता प्रमाणपत्र, नवीकरण प्रमाणपत्र, मु.अ कर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, स्वघोषणा र कर चुक्ता प्रमाणपत्र सहित २०८२/०८/१७ गते दिनको १२:०० बजेभित्र इ.बिडिङ गर्नुपर्नेछ र सो समयमा पेश हुन आएका विद्युतीय बोलपत्रहरु कार्यालय प्रतिनिधिहरु र बोलपत्रदाताको रोहबरमा सोही दिन दिउँसो २.०० बजे खोलिनेछ ।बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।बोलपत्रदाताले बोलपत्र र तोकिएबमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.वा बैंक लमही, दाङ धरौटी खाता नं ४२९०१००३०३०००००२ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको बोलपत्र खोलिने अन्तिम मितिले १२० दिन म्याद भएको 'क' वर्गको मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाले जारी गरेको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

२. यस कार्यालयले उपलब्ध गराएको BOQ मा उल्लेख भएको स्यानिटरी प्याडको स्पेशिफिकेशन BOQ मा भएबमोजिम गर्नुपर्नेछ।

३. विद्युतीय बोलपत्र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन हुनेछ ।

४. बोलपत्रमा पेश गरेको मूल्य यस आ.व २०८२/८३ को लागि भएकाले असार मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

५. स्यानिटरी प्याडको म्याद समाप्त हुने हकमा पूर्ण म्यादको कम्तीमा पनि ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ।

६. सप्लाई हुने स्यानिटरी प्याडहरुको प्रत्येक प्याकिङमा प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, Batch no. अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

७. भुक्तानी बिलसँगै स्यानिटरी प्याडको Expiry Date र Batch no. समेत उल्लेख गर्नुपर्नेछ र भौतिक गणना गर्दा बिलमा उल्लेख भएको Expiry Date र Batch no. स्यानिटरी प्याडमा उल्लेख भएअनुरुप मेल खानुपर्नेछ ।

८. निःशुल्क वितरण गर्नुपर्ने स्यानिटरी प्याडमा निःशुल्क वितरणको लागि पनि उल्लेख भएको हुनुपर्नेछ।

९. बोलपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।केरमेट गरेको ठाउँमा सहिछाप गरेको हुनुपर्नेछ ।

१०. बोलपत्र प्रति इकाइ दरविधि अनुसार मूल्यांकन गरिनेछ ।प्रति इकाइ दरविधिबाट सबैभन्दा कम अंकको बोलपत्र पेश गर्ने प्रस्तावदातालाई छनौट गरिनेछ बोलपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्न सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ड) अनुसार बोलपत्रदाताले खरिद कारवाहीमा भाग

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लिन अयोग्य नभएको आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणापत्र पेश गर्नुपर्नेछ ।

१२.यस सूचनामा छुट हुन आएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा नियमानुसार हुनेछ ।

१३.स्यानिटरी प्याड तथा स्यानिटरी प्याडजन्य सामग्री विवरणः

| क.स | विद्युतीय बोलपत्र नं | सामग्रीको विवरण | फाराम दस्तुर रु. | लागत अनुमान रु.(भ्याटसहित) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १. | शि.ई. १/०८२/८३ | स्यानिटरी प्याड | ३,०००।- | २४,२२,०००।- | ६३२१४।- |

..............................

प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत